# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८३।०३।२५ गते ।

## प्रेस विज्ञप्ति

### विषयः आरोपपत्र दायर गरिएको ।

जिल्ला पर्सा, पोखरिया नगरपालिकाका कर्मचारीले कागजात सच्याई अपाङ्गताको परिचयपत्र वितरण गरी सरकारी रकम हिनामिना गरेको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला पर्सा, पोखरिया नगरपालिकाका तत्कालीन अधिकृत छैठौं **संजय कुमार पाण्डेय,** पोखरिया नगरपालिका अपाङ्ग शाखामा कार्यरत कर्मचारी **अम्बिका महतो खुलवट** समेतले प्रतिवादी महेन्द्र राउत कुर्मीसँगको मिलेमतो तथा योजनामा बदनियत राखी निज प्रतिवादी महेन्द्र राउत कुर्मीको स्वास्थ्य परीक्षण प्रतिवेदन बमोजिम पोखरिया नगरपालिकाको अपाङ्गता समन्वय समितिको मिति २०७८/०६/११ गते बसेको बैठकको निर्णयले पोखरिया नगरपालिका अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७८ को दफा ४ बमोजिमको अपाङ्गता वर्गीकरण गरेकोमा निज प्रतिवादी महेन्द्र राउत कुर्मीको कार्डको किसिम महलमा “Y” (“ग”) जनाईएको थाहा जानकारी हुँदाहुँदै उक्त सामाजिक सुरक्षा भत्ता नपाउने वर्ग “Y” (“ग”) लेखिएको सरकारी सार्वजनिक अभिलेखमा रहने लिखत केरमेट तथा सच्याउने कार्य जानी बुझी वदनियतपूर्वक गरी गराई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने वर्ग “Red” (“क”) बनाई सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने परिचय पत्रको गलत लिखत तयार एवं प्रमाणित गरी गराई जम्मा रू.१,९१,५२०/- (एक लाख एकान्नब्बे हजार पाँच सय बीस रूपैयाँ) लाभ लिए दिएको देखिंदा उक्त कार्यमा संलग्न देहायका प्रतिवादीहरू उपर देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जिल्ला पर्सा, पोखरिया नगरपालिकाका तत्कालीन अधिकृत छैठौं तहका कर्मचारी **संजय कुमार पाण्डेय** | रू.१,९१,५२०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. एक लाख एकान्नब्बे हजार पाँच सय बीस रूपैयाँ कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |
| २. | जिल्ला पर्सा, पोखरिया नगरपालिकाको अपाङ्ग | रू.१,९१,५२०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रू. एक लाख एकान्नब्बे हजार पाँच सय बीस रूपैयाँ कायम गरी |

| | | | |
|---|---|---|---|
| | शाखामा कार्यरत तत्कालीन कर्मचारी **अम्बिका महतो खुलवट** | | सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुन तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा ११ बमोजिम कैद र जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ। |
| ३. | जिल्ला पर्सा, पोखरिया नगरपालिका वडा नं. १० बस्ने **महेन्द्र राउत कुर्मी** | रू.१,९१,५२०/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुरमा बिगो रू. एक लाख एकान्नब्बे हजार पाँच सय बीस रूपैयाँ कायम गरी मुख्य कसुरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असूल उपर हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिमको कसुरजन्य कार्यको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेकोले मुख्य कसुरदारलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा ११ बमोजिम कैद र जरिवाना सजाय हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता<br>सुरेश न्यौपाने